म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९७ | शनिबार ३ मंसिर २०७९ | ने. सं. ११४३ कछलागा | 19 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहिलो पटक विद्युतीय गाडी चार्जिङ सेन्टर

हेटौंडा, २ मंसिर/हेटौंडामा पहिलो पटक इलेक्ट्रिक गाडी चार्ज गर्ने चार्जिङ स्टेशन सुरुवातमा आउने भएको छ । हेटौंडा-११ थानाभन्याङमा रहेको इभि कार्स एण्डस् मोटर्स हव प्रालिले चार्जिङ स्टेशन सुरुवातमा ल्याउन लागेको हो ।

मकवानपुरसहित आसपासका जिल्लाहरुमा विद्युतिय सवारीको माग बढेको र यात्रीहरुको सहजताको लागि चार्जिङ सेन्टर सञ्चालनमा ल्याउन लागिएको सञ्चालक युवराज आचार्यले बताए । प्रति युनिट १५ रुपैंयाको दरले शुल्क लाग्ने जनाइएको छ । एउटा इलेक्ट्रिक गाडीको ब्याट्रिको चार्ज फुल हुन लगभग ३० देखि ४५ मिनेट लाग्ने आचार्यले बताए । चितवन, वीरगञ्ज लगायत ठाउँहरुको सेन्टरमा हेटौंडा पर्ने भएकोले विद्युतीय सवारीको चार्ज बाटोमै सकिने समस्यालाई मध्यनजर गरेर चार्जीङ सेन्टर स्थापना गर्न लागेको उनले बताए । गत बर्षदेखि विद्युतीय गाडी तथा स्कुटरको बिक्रि गर्दै आइरहेको उक्त सोरुमले यहि मंसिर पहिलो हप्तादेखि चार्जिङ स्टेशनको समेत सुविधा दिन लागेको हो ।

# भूमिहीन र गाँजा उत्पादित क्षेत्रका बासिन्दा सँधै 'भोट बैंक'

नवीन तिमल्सिना

हेटौंडा, २ मंसिर/ प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि भोलि आइतबार मतदान हुँदैछ । निर्वाचनमा राजनीतिक दलदेखि स्वतन्त्रहरु चुनावी मैदानमा छन् ।

देश यतिबेला निर्वाचन मय बनेको छ । तर, एउटा बिडम्बना दल, दलका नेता कार्यकर्तालाई चुनाव लागेजस्तो सामान्य नागरिकलाई भने निर्वाचनको रौनकता छैन । दिनभरि काम गरेर रात, बिहानको छाक टार्ने समुदायका नागरिकलाई भने निर्वाचनले छोएकै छैन । मकवानपुरका १० पालिकामध्ये मनहरी गाउँपालिकामा भूमिहीन, सुकुम्बासीको बसोबास धेरै छ । जिल्लाकै विकट राक्सिराङ र कैलाश गाउँपालिकामा विपन्न, सिमान्तकृत चेपाङ र तामाङ समुदायको बसोबास छ । मकवानपुरका १० पालिकामध्ये मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकामा विपन्नहरुको बसोबास बाक्लो छ । उनीहरुलाई बिहान-बेलुका छाक टार्नै धौधौ पर्ने गरेको हो ।

राक्सिराङ र कैलाश गाउँपालिकामा वर्षको ५ महिना खडेरी लागेर भोकमरीको अवस्था आइपर्छ । अर्थात् मनहरी, राक्सिराङ र कैलाश गाउँपालिका बासीलाई गाँस, बास र कपासकै चिन्ता बढी छ । तर, देशको राजनीतिले भने उनीहरुलाई कहिल्यै नछोएको गुनासो गर्छन् । राजनीतिक दलहरुले बोकेको मुद्दा र नागरिकको सतही समस्यामा तात्विक भिन्नता रहेको पाइन्छ । राक्सिराङ र कैलाश गाउँपालिकामा गाँजा र अफिम खेती बढी हुने गरेको छ । विपन्नहरुको बस्तीमा बिचौलियाहरुले गाँजा र अफिम खेती लगाएर चाँडै पैसा कमाउने हुटहुटी लगाइदिएपछि वर्षौदेखि स्थानीय नागरिकहरु कानुनी कठघरामा उभिन बाध्यसमेत भएका छन् । कानुनले बर्जित गरेको गाँजा र अफिम खेती लगाएर यसको ओसार पसार गरेको आरोपमा राक्सिराङ र कैलाशका अधिकांश युवाहरु अहिले पनि कारागारमा कैद भुक्तान गरिरहेका छन् ।

नेपालमा हाल प्रतिबन्धित गाँजाले वैधानिकता कहिले पाउला ? यसको जवाफ न दलका घोषणा पत्रमा छन् न त देशका राज्य संचालकहरुसँग छ । यद्यपि, कानुन बनाउने ठाउँ प्रतिनिधिसभामा गाँजालाई वैधानिकता माग गर्दै प्रस्ताव दर्ता भने ०७६ सालमै भएको थियो ।



तर, गाँजाको विषय संसद्मा महत्वको विषय बनेन । गाँजा जनताको गलपासो बनिरहेको छ, नेताका लागि महत्वहीन । नेपालीमा एउटा उखान चर्चित छ, 'छोरा पाउने कहिले-कहिले, भोटो सिउने अहिले' । तर, निर्वाचन लागेका नेताहरुलाई नेपाली समाजको चलनचल्तीको पुरानो उखान ठ्याक्कै मिलेको छ । नेपालमा गाँजाले वैधानिकता पाउने कहिले-कहिले, मकवानपुरका जनतालाई सपना देखाउन नेताहरु अझै डटेर लागि परेका छन् ।

राक्सिराङ र कैलाश गाउँपालिकामा मकवानपुर प्रहरीको हरेक वर्ष गाँजा र अफिम खेती फडानी गर्ने कार्यतालिका नै बन्ने गर्छ । राक्सिराङ र कैलाशको व्यापारिक केन्द्र पूर्व-पश्चिम राजमार्गसँग जोडिएको मनहरी बजार हो । मनहरीसम्म गाँजा ल्याउन राक्सिराङ र कैलाशकै अधिकांश सोझा चेपाङ र तामाङका छोराछोरीलाई भरिया बनाउने गरिएको प्रहरीको अनुसन्धानबाटै खुलेको छ । कतिपय मनहरी खोला वा डाँडाबाट गाँजा ओसार्दाओसार्दै पक्राउ परेका छन् । कतिलाई प्रहरीले मनहरी वरपरका सडक क्षेत्रबाट नियन्त्रणमा लिएको छ ।

०७८ सालको तथ्याङ्क हो, भीमफेदी कारागारमा मात्रै राक्सिराङ र कैलाशबाट गाँजा ओसारपसार मुद्दामा कैद भुक्तानका लागि बसेका करिब ३ सय जना थिए । जसमध्ये कतिपय छुटे, हाल पनि सयौंको संख्यामा राक्सिराङ र कैलाशका युवाहरु गाँजाकै कारण कैद भुक्तान गरिरहेका छन् । भीमफेदी कारागार प्रशासनका अनुसार लागूऔषध मुद्दामा राक्सिराङ र कैलाशका युवाहरु कारागारमा कैद भुक्तान गरिरहेका छन् ।

तर, निर्वाचनको मौकामा राष्ट्रिय राजनीति र स्थानीय बिकासका मुद्दालाई प्राथमिकतामा राखेर उम्मेदवारहरुले चुनाव प्रचार गरिरहेका छन् । मतदाताको चाहना अनुसार चुनावी एजेण्डा बनाउने नेताहरुको शैली पुरानै हो । मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का अधिकांश उम्मेदवारहरुले गाँजा खेतीलाई वैधानिकता दिने आश्वासन बाँड्दै भोट मागिरहेका छन् । गाँजालाई वैधानिकता दिलाउने मात्र नभई उम्मेदवारहरु लागूऔषध मुद्दामा कारागार पुगेकाहरुलाई छुटाउनेसम्मका आश्वास बाँडिरहेका छन् । अधिवक्ता बालकृष्ण अधिकारी भने कानुनले बर्जित गरेको विषयलाई जनताको भावनासँग खेल्न नहुने बताउँछन् । निर्वाचनमा जित्नका लागि दल र उम्मेदवारहरुले गाँजालाई मुद्दा बनाए पनि कानुनलाई कसैले नजरअन्दाज गर्न नसक्ने उनले बताए ।

मकवानपुरको कर्णाली भनेर चिनिने विकासले पछि परेको राक्सिराङ र कैलाशका बासिन्दा शिक्षा, स्वास्थ्य, रोजगारबाट मात्रै होइन गाँसबासको लागि पनि संघर्षरत् छन् । तर, राजनीतिक दलहरु लागूऔषधको उत्पादन र बिक्री वितरण गर्न छोडेर तरकारी लगायतका नगदे बाली उत्पादनका लागि प्रोत्साहन गर्ने योजनामा लागेको देखिँदैन । जिल्लाको पुरानादेखि नयाँसम्मका सबै उम्मेदवारहरुले यतिबेला मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ को विकट गाउँमा रहेको गाँजालाई चुनावी एजेण्डा बनाइरहेका हुन् । चेतनाको कमी भएकै कारण विगतदेखि यस क्षेत्रका बासिन्दा राजनीतिक दलको 'भोट बैंक'कै लागि मात्रै प्रयोगमा आइरहेको चेपाङहरुको मुद्दा ३० वर्षदेखि बोकेर हिँडेका प्रताप विष्टले बताए ।

विष्टले गरिबीमाथि दलहरुले खेल्ने गरेको उनले बताए । चेपाङहरुले पञ्चायतदेखि नै मत दिइरहे पनि उनीहरुको जिवनस्तर अहिलेसम्म पनि नफेरिएको विष्टले बताए । गाँजा खेतीलाई वैधानिकता दिने विषयमा दलहरु बीचमा गहन छलफलसमेत भएको देखिँदैन । नेपालमा गाँजालाई अवैध लागूऔषध मानिन्छ । त्यसैले गाँजा खेती पनि गैरकानूनी हो । कानुनका जानकार उम्मेदवारहरुले नै मतदाता रिझाउन गाँजालाई कानुनी बनाउने मुद्दा बनाइरहेका छन् । प्राय: उम्मेदवारले प्राथमिकतामा राखेको गाँजा खेतीलाई कानुनी बनाउने एजेण्डा पूरा गर्न सहज भने छैन ।

यसैगरी, मकवानपुरमा भूमिहीनहरुलाई पनि लालपुर्जाको आश्वासन देखाइएको छ । भूमिहीनहरुलाई लालपुर्जाको आश देखाएको भने यो पहिलो पटक हैन । विगतका निर्वाचनमा पनि उनीहरुले लालपुर्जा पाउने आश्वासन पाएका थिए । तर, उनीहरु हालसम्म पनि भूमिहीन नै छन् । लोपोन्मुख समुदाय वनकरिया देशको एउटै जिल्लामा मात्रै बसोबास गर्छन् । मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-४ मा वनकरियाहरुको बाक्लो बसोबास छ । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती जंगलमै बसेर दुई दशकअघिदेखि जनजीविका चलाउँदै आएका वनकरियाहरु हालसम्म पनि भूमिहीन छन् । विगतमा जंगलमा कष्टकर जीवन बिताउँदै आएका उनीहरुलाई त्यतिबेलै मध्यवर्ती क्षेत्रमा ल्याएर राखिएको थियो ।

तर, उनीहरुसँग आफ्नै नामको लालपुर्जा भने छैन । लालपुर्जा दिएर बस्न र खेतीपाती गर्न दिने आश्वासन दिएर उनीहरुलाई जंगलबाट त्यहाँ ल्याएर राखिएको वनकरियाहरु बताउँछन् । २०६४ सालमा भएको संविधानसभाको पहिलो निर्वाचनदेखि नै वनकरिया बस्तीमा उम्मेदवारहरुले आश्वासन बाँड्न थालेका थिए । त्यसयता २०७०, २०७४ मा भएका निर्वाचनमा पनि उम्मेदवारहरु वनकरिया बस्ती पुगेर लालपुर्जा दिलाउने आश्वासन दिए । जसले लालपुर्जा दिन्छु भने, उही उम्मेदवारलाई भोट हालेको सन्तोषी वनकरियाले बताइन् ।

निर्वाचनमा उम्मेदवारहरु फेरिँदै गए पनि वनकरियाको समस्या ज्युँका त्युँ छ । उम्मेदवारहरुले वनकरियाहरुलाई दिने आश्वासन पनि फेरेका छैनन् । आउनेजति सबै उम्मेदवारले लालपुर्जा दिलाउने आवश्वासन दिने र चुनाव जितेपछि फर्किएर नआउने गरेको सन्तमाया वनकरिया बताउँछिन् । वनकरियाहरुले ६ हेक्टर जग्गा उपभोग गर्दै आएका छन् । स्थानीय सन्तमाया नयाँ-नयाँ उम्मेदवारहरु आए पनि आफ्नो समस्या नफेरिएको भन्दै गुनासो गर्छिन् । पटक-पटक फरक आश्वासन लिएर आउने जुनसुकै पार्टीका उम्मेदवारले लालपुर्जा वितरण गर्ने वचन दिन भने नछुटाएको सन्तमाया सुनाउँछिन् । उनले नेताहरुले आश्वासन दिएर लालपुर्जा वितरण नगरेपछि वनकरियाहरु फेरि बस्ती छोडेर वन पस्ने कुरा गर्न थालेको सुनाइन् ।

'हाम्रो बासको ठेगान अझै भएन । अनि छोराछोरीका लागि जागिर पनि भएन,' कान्छिमाया वनकरियाले सुनाइन् । वनकरिया बस्तीमा हाल २३ घर छन् । उनीहरुको जनसंख्या ८९ छ । सरकारले अस्थायी बसोबासका लागि जग्गा उपलब्ध गराउँदा वनकरियाहरु १२ घरपरिवार मात्रै थिए । दुई प्लटमध्ये एउटा प्लटमा घर बनाएर बसेका थिए भने अर्को प्लटमा खेती लगाउने गर्थे । तर, अहिले सन्तान बढ्दै गएपछि घरहरु पनि बढेर २३ पुगे । घर बढ्दै गएपछि खेती गर्ने जमिन पनि बाँडियो । खेती गरेर ६ महिना पनि खान नपुग्ने राम वनकरियाले गुनासो गरे ।

मकवानपुरको पूर्वी क्षेत्र बागमती गाउँपालिकामा पनि भूमिहीनहरु लालपुर्जाको आश्वासन कुरेर बसेको धेरै वर्ष भइसक्यो । बागमती-४ थलीका रामबहादुर पहरीले आफूले पञ्चायत, बहुदल हुँदै ०६२/६३ को जनआन्दोलन पछिका सबै निर्वाचनमा मतदान गरेपनि नेताहरुको आश्वासन अहिलेसम्म पूरा नभएको गुनासो गर्छन् ।

यसअघिका निर्वाचन अघि लालपुर्जा दिलाउने आश्वासन पाएपनि पहरी परिवार बस्दै आएको छाप्रो र जमिनको पुर्जा उनको हातमा परेको छैन । थली क्षेत्रमा पहरी समुदायको बसोबास फैलँदो छ । यहाँ पहरीका ३५ घरधुरी बस्दै आएका छन् । तर, कसैको पनि जमिनको लालपुर्जा छैन ।

# मकवानपुरमा भोट कसरी हाल्ने ? यस्ता छन् ध्यान दिनुपर्ने कुराहरु

हेटौंडा, २ मंसिर/आईतबार एकैपटक देशैभरि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ । निर्वाचनमा मकवानपुरको ३ लाख ७ सय ३३ मतदाताले मतदान गर्दैछन् । मकवानपुर जिल्लामा दुइ वटा प्रतिनिधी सभा र चार प्रदेशसभाको निर्वाचन क्षेत्र रहेको छ । मतदान गर्न जाने मतदाताहरु ध्यान दिनुपर्ने कुराहरुलाई *साझाकुरा*ले निम्नानुसार प्रस्तुत गरेको छ :

**मतदाता हुन के चाहिन्छ ?**

मंसिर ४ गते आईतबार हुन लागेको प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा मतदान गर्न १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको हुनुपर्ने व्यवस्था छ । उमेरको योग्यता पुगेका कारण मात्रै मतदानमा भाग लिन पाइँदैन । मतदानमा सहभागी हुन निर्वाचन आयोगले संकलन गर्ने मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्छ र मतदाता परिचयपत्र अनिवार्य हुनुपर्छ ।

**मतदान गर्न कहाँ जानुपर्छ ?**

आफ्नो मतदाता नामावली दर्ता भएको स्थानीय तहबाट मतदान गर्न सकिन्छ । स्थानीय तहको कुन मतदान केन्द्रमा आफ्नो नाम समावेश छ भन्ने थाहा पाउन निर्वाचन आयोगको वेबसाइटमा हेर्न सकिने व्यवस्था छ ।

**भोट क-कसलाई हाल्नुपर्छ ?**

एकजना मतदाताले ४ वटा मतपत्रमा ४ वटा मत दिन सकिनेछ । पहिलो मतपत्रमा प्रतिनिधीसभाको प्रतयक्षतर्फको एउटा र दोस्रो मतपत्रमा प्रतिनिधिसभाको समानुपातिकतर्फ एउटा मत दिन सकिन्छ । त्यस्तैगरि तेस्रो मतपत्रमा प्रदेशसभातर्फको प्रत्यक्षतर्फ एउटा र चौथो मतपत्रमा प्रदेशसभाको समानुपातिकतर्फ एउटा गरि कुल ४ वटा मतपत्रमा ४ वटा मत दिन सकिन्छ ।

**कस्तो-कस्तो अवस्थामा मत बदर हुन्छ ?**

एउटा मतपत्रमा एक भन्दा बढी उम्मेदवार वा पार्टीलाई मत दिएमा बदर हुन्छ । मत संकेत गर्ने क्रममा स्वस्तिक छाप नबुझिने गरी लत्पतिएमा पनि मत बदर हुन्छ । स्वस्तिक छाप बाहेक औँठा वा छाप लगाएमा पनि मत बदर हुन्छ । साथै, चिन्ह भएको कोठाबाहिर छाप लगाएमा पनि मत बदर हुन्छ ।




**गर्भवती, अशक्त, अपांगता भएका, जेष्ठ नागरिक आदिका लागि बेग्लाबेग्लै लाइन हुन्छ कि एकै लाइनमा बसेर भोट हाल्नुपर्छ ?**

गर्भवती, सुत्केरी, अपांगता भएका, ज्येष्ठ नागरिक, अशक्त बिरामी, किरियामा बसेका मतदाताहरूले लाइन नबसी मतदान गर्न सक्ने छन् । मतदान केन्द्रमा पुरुष र महिला मतदाताको लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गरिएको हुन्छ । लाइनअनुसार मतदान गर्ने व्यक्तिको हातको नङमा चिनो लगाउने काम हुन्छ । त्यसपछि तथ्याङ्क फारम भरेर मतपत्र लिएर मतदान गर्न सकिन्छ ।

**मतदाताले भोट हाल्नु अनिवार्य छ कि नहाल्दा पनि हुन्छ ?**

मतदान आफूलाई मनपर्ने उम्मेदवार छान्न पाउने अधिकार हो । त्यसैले, मतदाताले सकेसम्म आफ्नो उक्त अधिकार प्रयोग गर्नुपर्छ । नेपालमा 'भोट हाल्दिनँ' भन्न पाउने अधिकार छैन । २०७० कात्तिक १० गते 'राइट टु नो भोट' को माग गर्दै सर्वोच्च अदालतमा रिट परेको थियो ।

चुनावमा उठेका कुनै पनि उम्मेदवार मतदातालाई मन नपरेमा 'कसैलाई पनि भोट हाल्दिनँ' भनेर मत जाहेर गर्न पाउने व्यवस्था नै 'राइट टु नो भोट' हो ।

**मतदानस्थलमा सुरक्षा व्यवस्था हुन्छ कि हुँदैन ?**

सरकारले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित बनाउन चार वटै सुरक्षा निकाय परिचालन गरेको हुन्छ । चार वटा सुरक्षा निकायमा सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान पर्छ । मतदान स्थलको शान्ति सुरक्षाका लागि प्रहरीसँगै म्यादी सुरक्षाकर्मी पनि खटाइएको हुन्छ ।

**मतदान स्थलमा मोबाइल लैजान पाइन्छ कि पाइदैन ?**

मतदान स्थलमा मोबाइल फोन लैजान निषेध गरिएको हुन्छ । त्यस्तै, मतदान स्थलमा कुनै पनि प्रकारका हातहतियार लैजान पाइदैन । घरेलु हतियारहरू जस्तैः चक्कु, खुकुरी तथा अन्य धारिला हतियार पनि मतदानस्थलमा निषेध गरिएको हुन्छ ।

**निर्वाचनका दिन सवारी चल्छ कि चल्दैन ?**

निर्वाचन आयोगले निर्वाचनका दिन सवारीसाधन बन्द गर्ने जानकारी दिएको छ । तर, मिडिया र उम्मेदवारले सवारी पास लिएर सवारी चलाउन सक्ने व्यवस्था गरिएको छ । त्यस्तै, आयोगले अत्यावश्यक सामग्री बोकेको एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दमकल, शव वाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कूटनीतिक नियोगको सवारी साधन भने चल्न दिने जनाएको छ ।

**मतदानको समय कहिलेदेखि कहिलेसम्म हुन्छ ?**

मंसिर ४ गते आईतबार बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्मको समयलाई मतदानको समय तोकिएको छ । मतदाताले आफ्ना नाम रहेको मतदान केन्द्रमा पुगेर मतदानमा सहभागी हुन सक्छन् ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

## कुन परिचयपत्रबाट भोट हाल्न पाइन्छ ?

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/४ मंसिर आइतबार हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कुन परिचयपत्रबाट मत हाल्न पाइने निर्वाचन आयोगले टुंग्याएको छ ।

निर्वाचन आयोगले ४ मंसिरमा परिचय खुल्ने परिचयपत्र भएमा भोट हाल्न पाइने निर्णय गरेको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि आयोगबाट प्रकाशित अन्तिम




मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, जग्गाधनी प्रमाणपुर्जा, सवारी चालक अनुमतिपत्रको सक्कल प्रमाण भएमा भोट हाल्न पाइने आयोगले जनाएको छ ।

आयोगबाट मतदातालाई परिचयपत्र वितरण भएको भए पनि कतिपय मतदाताको परिचयपत्र हराएको/नासिएको अवस्था भएमा उल्लेखित परिचयपत्रका आधारमा मतदान गर्न पाउने व्यवस्था मिलाइएको हो ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:

९८४५०२७०६४/९८५५०६८०३८

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिभीमा पैसा तिरेर विश्वकप फुटबल हेर्दा पनि विज्ञापन देखिन्छ ?

काठमाडौं / नेपालमा विश्वकप फुटबलको प्रत्यक्ष प्रसारण हेर्नका लागि उपभोक्ताले भ्याटसहित कुल ५६५ रूपैयाँ थप शुल्क तिर्नुपर्ने भएको छ । यसको अर्थ उपभोक्ताले विश्वकप हेर्दा सब्स्क्रिप्सन प्याकेज लिनुपर्ने हुन्छ ।

सब्स्क्रिप्सन लिएपछि विश्वकप हेर्दा अन्य विज्ञापन देखिन्छ वा देखिँदैन भन्ने जिज्ञासा तपाईंलाई हुनसक्छ । यसबारे कुरा गर्दै मिडिया हब प्रालिका अध्यक्ष सोमप्रसाद धितालले भने, 'विश्वकप फुटबल हेर्दा बाह्य विज्ञापन प्रसारण हुन्छ । यो स्वाभाविक नै हो । इन्टरभलमा ८/१० मिनेटको विज्ञापन देखाउँछौं । खेलको अन्य समयमा आवश्यकता अनुसार विज्ञापन देखिनसक्छ ।"

मिडिया हबले फिफा विश्वकप २०२२ का लागि भारतको भायकमसँग २० करोड २५ लाख नेपाली रूपैयाँमा नेपालमा प्रसारण अधिकार खरिद गरेको हो । यसपछि मिडिया हबले विज्ञापनका लागि एडप्याड एक्युजिसन मार्केटिङसँग सम्झौता गरेको छ ।

कम्पनीले विज्ञापनसँगै उपभोक्ताबाट शुल्क उठाउने योजना बनाएको छ । यसका लागि उपभोक्ताले टेलिभिजन सेवाप्रदायकलाई आफ्नो नियमित शुल्कबाहेक थप ५६५ रुपैयाँ तिर्नुपर्ने छ । आउँदो आइतबारदेखि सुरू हुने विश्वकप फुटबल २०२२ को प्रत्यक्ष प्रसारण नेपालमा हिमालयन प्रिमियर एचडी च्यानलबाट हुनेछ ।




यसका लागि हालसम्म तीन ओटा केबल नेटवर्कसँग सम्झौता भएको धितालले जानकारी दिए । "अहिलेसम्म क्लियर टिभी, नेट टिभी र भाया टिभीसँग सम्झौता भएको छ । अन्य केबल नेटवर्क अपरेटरसँग पनि छलफल चलाइरहेका छौं," उनले भने ।-टेकपानाबाट

**जीवनशैली**

# सुत्केरीमा दूध आएन भने के गर्ने ?

सर्वव्यापी भनाइ नै छ, 'शिशुको लागि आमाको दूध अमृत समान हुन्छ ।' अत: नवजात शिशुका लागि जब अन्य भोजन हुँदैन, आमाको दूध नै उनीहरुका लागि सम्पूर्ण आहार हुन्छ । तर सुत्केरी भइसकेपछि आमाको दूध आएन भने ? यससँगै अर्को कुरा पनि यहाँ जोडिन आइपुग्छ, स्तनपान गराउनु शिशुका लागि मात्र होइन आमाका लागि पनि लाभदायक हुन्छ ।

***सुत्केरी हुँदा दूध नआउने समस्या***

सामान्य प्रसूति अर्थात् नर्मल डेलिभरी गरेका भन्दा शल्यक्रियाबाट अर्थात् सिजेरियनबाट शिशु जन्माउँदा आमामा दूध नआउने समस्या हुनसक्छ । हुन त यस्तो समस्या सामान्य प्रसूति भएका आमामा पनि आउन सक्छ ।

***के कारण दूध आउँदैन ?***

दूध नआउने कुनै एउटा मात्र होइन विभिन्न कारण छन् । बच्चा जन्मिने बित्तिकै आमाको दूध चुस्दा 'ओक्सिटोक्सीन' भन्ने हर्मोन चलायमान हुन्छ । त्यो सँगै दूध आउने हर्मोन पनि रिलिज हुन्छ । दूधको प्रवाह खासगरी शिशु जन्मेको तेस्रो दिनदेखि हुन्छ । त्यसैले पहिले दोस्रो दिन दूध कम आउने समस्या हुन सक्छ । पहिलो पटक आमा बनेका महिलालाई राम्रोसँग दूध खुवाउने तरिका नजान्दा दूध आउँदैन ।

डेलिभरी हुने बित्तिकै बच्चालाई आमाको दूध चुसाइएन भने पनि ढिलो दूध आउने तथा दूध नआउने हुन सक्छ । दूध आउनको लागि मुन्टामा साना साना प्वाल हुन्छन्, त्यो प्वाल टालियो भने पनि दूध नआउने हुन्छ । आमालाई दैनिक दूध उत्पादन गर्न सामान्य अवस्थामा भन्दा थप झोल पदार्थ, थप तागतिला खानेकुरा लगायत अन्य पौष्टिक खानेकुरा आवश्यक हुन्छ । गर्भावस्था तथा सुत्केरी भएको बेला खानपानमा ध्यान दिइएन र सुत्केरीले पोषिलो आहार पाएन भने पनि दूध नआउने समस्या देखिन्छ ।

***स्तनपानका अप्ठ्यारा***

कसैकसैमा दूध बन्ने हर्मोनको नै कमी भएर पनि दूध नआउने समस्या हुन्छ । कसैमा भने 'इन्भरटेट' मुन्टा भित्र पसेको जस्तो हुन्छ, त्यस्तो मुन्टा भित्र पसेको वा सानो हुने हुँदा पनि दूध नआउने र दूध खुवाउन गाह्रो हुने समस्या हुन्छ । मुन्टा र त्यस वरपर घाउ भएको अवस्थामा पनि स्तनपान गर्न समस्या हुन्छ ।

***स्तनपान नगराउँदा शिशु र आमालाई समस्या***




शिशुलाई आमाको दूध खुवाउन पाइएन भने आमा र बच्चा दुवैलाई समस्या हुन सक्छ । आमाको दूधमा बच्चाको लागि चाहिने सम्पूर्ण पोषकतत्व हुन्छ । जसले बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । यदि बच्चाले आमाको दूध खान पाएन भने उसको रोगसँग लड्ने क्षमता कम हुन्छ । शिशुलाई आमाको दूध खुवाउन पाइएन भने आमालाई पनि दूध गान्निने समस्या तथा स्तन क्यान्सरको समेत जोखिम हुन सक्छ ।

***बच्चाले दूध खान नपाए***

यदि सुत्केरी अवस्थामा दूध आएन भने त्यसले दीर्घकालमा खासै ठूलो असर त गर्दैन । तर आमाको दूधमा 'इम्युनोग्लोबुलिन' हुन्छ, जसले रोगसँग लड्ने क्षमता बढाउँछ । जसले आमाको दूध खान पाएका छैनन् उनीहरूको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ । बच्चाको शारीरिक तथा मानसिक विकास पनि राम्ररी हुन पाउँदैन । आमाले बच्चालाई दूध खुवाउँदा उनीहरूको सम्बन्ध पनि भावनात्मक रूपमा गहिरो हुन्छ ।

***विकल्प***

दूध नआउने विभिन्न कारण हुने भएकाले अस्पताल गएर दूध नआउने समस्याको उपचार गर्नुपर्छ । दूध नआएको अवस्थामा अहिले काठमाडौं उपत्यकामा हुनेहरुका लागि विकल्पको रूपमा अहिले प्रसूतिगृहमा मिल्क बैंक सञ्चालनमा ल्याएको छ । त्यहाँबाट दूध लिएर पनि बच्चालाई दूध दिन सकिन्छ ।

***दूध आउनका लागि के गर्ने ?***

सन्तुलित तथा पोषणयुक्त खानाको अभावले दूध नआएको हो भने खानपानमा ध्यान दिनुपर्छ । ज्वानोको झोल र जेरी जस्ता खानेकुराले दूध बढाउन मद्दत गर्छ । त्यसैले सुत्केरी अवस्थामा यस्ता झोलिलो र गुलियो खानेकुरा खानुपर्छ ।गर्भवती अवस्थादेखि नै आफ्नो स्तनको केयर गर्ने, त्यसको सरसफाइमा ध्यान दिनुपर्छ । यदि सरसफाइको कमीले दूध आउने प्वाल टालिएको छ भने त्यसको सर सफाइ गर्नुपर्छ । बच्चालाई दूध खुवाइरहनुपर्ने भएकोले कसैको ब्रा नलगाउने बानी हुन्छ, त्यसले पनि समस्या निम्ताउन सक्छ ।

त्यसैले स्तनलाई राम्ररी सपोर्ट गर्ने खालको ब्रा लगाउनुपर्छ । मुन्टा सानो भएर दूध नआएको हो भने सुईको माध्यमबाट त्यसलाई बाहिर निकाल्न सकिन्छ । बच्चाले दूध तान्न सकिरहेको छैन भने ब्रेस्ट पम्पको सहायताबाट दूध निकालेर बच्चालाई खुवाउन सकिन्छ । मेरो त दूध नै आएन भनेर बट्टाको दूध खुवाउनुभन्दा पनि के कारणले दूध आएन त्यो पत्ता लगाएर चिकित्सकको सल्लाहअनुसार उपचार गरे दूध आउन सक्छ ।

(डा. स्वति शर्मा प्रसूति तथा स्त्रीरोग विशेषज्ञ हुन् । उनी काठमाडौंस्थित ग्रीनसिटी अस्पतालमा कार्यरत छिन् ।) सुमित्रा लुइटेलसँगको कुराकानीमा आधारित अनलाइनखबरबाट

# बेलुकाको खाना किन चाँडै खाने ?

**१. तौल नियन्त्रणमा रहन्छ:** यदि तपाईं तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस्। खाना खाएपछि केहीक्षण हिड्नुहोस्। जतिसुकै बढी खाना खानुहोस्, यस्तो तरिका अपनाउँने हो भने तौल बढ्दैन।

**२. छाति पोल्दैन:** अधिकांश मानिसको खाना खाएपछि सिधै बेडमा जाने बानी हुन्छ। यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ। चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैन।

**३. अधिक उर्जा पाउँन सकिन्छ:** बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ । यसविपरित चाँडै खाना खाने हो भने बिहान नास्ता राम्ररी रुच्छ र शरीरले उर्जा पाउँछ।

**४. हल्का महसूस हुन्छ:** यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ । रुटीनमा खाना खानाले पेट हल्का हुन्छ र ग्यासको समस्या पनि हुँदैन।

**५. गहिरो निन्द्रा पर्छ:** राति ढिला खाना खानाले निन्द्रा पनि ढिलै लाग्छ र निन्द्रा पूरै लाग्दैन। यसविपरित चाँडै खाना खानाले निन्द्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ।

**६. पाचनका लागि बढी समय उपलब्ध हुन्छ:** जति खाना खायो, उति नै पच्नुपनि पर्छ ।

**साहित्य**

# डिभोर्स गर्ने निर्णय !



✍ सुस्मिता खड्का

म आफ्नै काममा व्यस्त थिएँ, अचानक चर्को होहल्ला सुनें । म ढोकामा उभिन पुगें। उनी रुँदै विस्तारै झरिन् र 'म गाको ल, अब कहिल्यै आउदिनँ'भनिन् । मेरा आँखाबाट अचानक असिना बर्सिए झैं आँसुका ढिका खस्न थालिसकेछन्। मैले 'हस्' सम्म भन्न सकिनँ। भक्कानिँदै भनें, 'मसँग नरिसाउनू है कहिल्यै पनि'!

उनले मेरो प्रश्नको प्रत्युत्तरमा 'हस्, तिमी पनि नरिसाऊ ल अनि मैले तिमीलाई केही भनेकी छैन। यहाँ कसैको कुरा सुनेर मलाई नराम्रो नभन्नू है'! यत्तिकैमा म बोल्न सकिनँ, उनी विस्तारै आफ्नी बहिनीको हात समाएर गेटबाट बाहिर गइन्। म उनी गएको हेरिरहें। जब उनलाई देखिनँ, आँखा चिम्लिएर एकैछिन बेहोस भए झैं भएँ।

काठमाडौंमा बसोबास गर्न थालेको झण्डै तीन वर्ष पूरा भएछ। तीन वर्षमा करिब दुई ठाउँमा बसोबास गरें। पेप्सिकोलामा बस्दा विभिन्न समस्याका कारण म कोठा सर्न बाध्य भएकी थिएँ। पढ्ने योजना बुनिरहेकी म कलेज भर्ना गरिसकेकी थिएँ। नयाँ घरमा मलाई त्यहाँका मान्छेको चालचलन, रीतिथीति र सम्पूर्ण अवस्थाको बारेमा केही थाहा थिएन। दाइ, भाउजू र म हामीसँगै बस्थ्यौं । जहाँ बसोबास गरे पनि बाहिरी मान्छेसँग म खासै धेरै नबोल्ने हुनाले करिब एक हप्तासम्म त घरबेटी चिन्नै सकेको थिइनँ।

एकदिन कपडा सुकाउन छतमा गएकी थिएँ। त्यहाँ बसेकी थिइन् घरबेटीकी बुहारी अर्थात् रमिता दिदी। उनलाई म दिदी भनेर सम्बोधन गर्थे। घरबेटी अंकल, अन्टी अनि उनका श्रीमानलाई चाहिँ अमित दाइ भनेर बोल्ने गर्थें म । उनी र मबीच परिचय भयो। उनकी सासू र श्रीमान जागिरे हुनुहुँदो रहेछ। ससुरा र बुहारी घरमै बस्नु हुँदो रहेछ। उनी पनि जागिर खोजेर गर्ने सोचमा रहेछिन्।

यसो बाहिरबाट हेर्दा साह्रै राम्रो परिवारजस्तो लाग्ने अनि शिक्षित पनि। "सानो परिवार सुखी, खुसी र शिक्षित परिवार रहेछ नि है?'' मैले एकदिन उनीसँग भनेकी थिएँ। उनले यो प्रश्नको उत्तर फरक तरिकाले दिएकी थिइन् 'बाहिर जे देखिन्छ त्यो भित्र देखिन गाह्रो हुन्छ नानी।' मैले शङ्कास्पद प्रश्न गरें, 'किन सन्तुष्ट देखिनुहुन्न नि तपाईं?' 'म कसरी भनौं? विस्तारै भनौंला। बरु एउटा कुरा भन्छु नि ल?' मैले हुन्छ भनें।

'म दिनभर एक्लै हुन्छु, तिमी मेरो साथी बन है'! मेरो पनि खासै साथी थिएनन्। मलाई उनको प्रस्ताव राम्रो लाग्यो। मैले नम्र स्वरमा हस् भनेकी थिएँ। त्यसपछि हामी साथी-साथी जस्तै भयौं। म कलेजबाट कोठामा जान्थें। उनी पनि फुर्सदमै हुन्थिन्। कहिले उनकोमा बस्ने, कहिले मेरै रुममा बस्ने हामी एकार्काको राम्रो साथी भैसकेका थियौं। विस्तारै मैले थाहा पाएँ, उनी र उनका श्रीमानबीच रुचि, अभिरुचि, लक्ष्य, खानपान र व्यवहार नै मिल्दोरहेनछ। विवाह भएको करिब छ महिनामै सम्बन्धमा दरार आउन थालिसकेको रहेछ। उनीहरूको घरपरिवारको सल्लाहअनुसार मागी विवाह भएको रहेछ।

बाहिरबाट हेर्दा शारीरिक रुपमा तन्दुरुस्त अनि असल देखिने अमित दाइ आफ्नी श्रीमतीसँग भने आफ्नो पुरुषत्व गलत रुपमा प्रयोग गर्दा रहेछन्। बिएड गर्दै गरेकी रमिता दिदीको हरेक क्रियाकलापसँग उनी सन्तुष्ट रहेनछन्। पढ्दै गरेकी उनी कोही साथीसँग बोल्न नहुने। कसैको फोन, मेसेज आउन नहुने। सामाजिक संजालमा कसैको फोटो हाल्न नहुने, साथीभाइबीच रामाइलो गर्न नहुने ओहो ! अमित दाइ ढुङ्गे युगकै हुनुपर्छ जस्तो व्यवहार गर्ने रहेछन्।

भनिन्छ नि, कोही मान्छे मन नपर्ने बित्तिकै उसका जतिसुकै राम्रा कामहरू पनि चित्त बुझ्न गाह्रो हुन्छ भनेर। आखिर त्यही थियो त्यहाँ पनि। अमित दाइलाई रमिता दिदीले न बोलेको मनपर्छ न हिँडेको, खाएको, बसेको, हाँसेको। केही मन नपर्ने' अमित दाइ र रमिता दिदीको दिनदिनै झगडा पर्दोरहेछ। मानौं कि उनीहरू एक दम्पती होइनन्। उनीहरू एक प्रतिस्पर्धि हुन्, दुश्मन हुन्। विवाद मात्र होइन, अनावश्यक कुरामा अमित दाइले दिदीलाई कुटपिट पनि गर्नुहुँदो रहेछ ! फुर्सदको समयमा साथीहरूसँग बोलेकै भरमा दाइले त्यो रात मरनासन्न हुने गरी दिदीलाइ कुट्नुभएको रहेछ।

दिदीले बेलुका नै आफ्नी बहिनीलाई बोलाउन खोज्दा मोबाइल खोसेर ढोका थुनेर राखिएको रहेछ। बिहान उज्यालो भएपछि मोबाइल दिनुभएछ। उनले फोन गरेपछि उनकी बहिनी एकाबिहानै त्यहाँ आएकी रहेछिन्। घटनाले तीव्र रुप लिएपछि उनीहरू सम्भवत डिभोर्स गरेर अलगिगने निर्णय गर्न बाध्य भएका थिए।-*सेतोपाटीबाट*

# किनकी ऊ प्रेममा छ !




दिपेश पराजुली

मरुभूमिको उष्ण बालुवाले उसलाई पोल्दैन
शिशिरको चिसो तुसारोले उसलाई छुँदैन
दूर गगनमा बादल गड्-गड् गर्जिछ
बिजुलीको गडगडाहटले सारा संसार तर्सिछ
तर प्रेम माग्नीले ऊ तप्त, उत्कण्ठाले मस्त
एउटै फूलमा देख्छ आफ्नो बगैंचा समस्त
ऊ मनमौजी, ऊ बिल्कुल बज्रस्वाँठ
प्रेम बाहेक जान्दैन ऊ अरु कुनै पाठ
नदेख्दा प्रेयसी, फदय उसको चंचल
चाँदनीमा देख्छ उनको आकृति हरपल
आँखा अर्ध खुलेको
फदयमा जून झुलेको
हर श्वासमा मायाकै छ सुवास
न कुनै भोक, न उसलाई प्यास
बसी-बसी कल्पनामै ऊ उडान भर्छ
हाँसी-हाँसी मनका तूफानसँग ऊ जुध्छ !

ऊ सुन्दछ ती शब्दहरू पनि
जुन प्रेयसीले बोलेकी नै छैनन्
ऊ बुझ्दछ ती कुरा पनि
जुन उनले खोलेकी नै छैनन्
भन्नुपर्ने धेरै थियो-
तर सबै स्पन्दनहरू गीत बनेनन्
गर्नुपर्ने धेरै थियो-
तर सबै आशक्तिहरू प्रीत बनेनन्
दिन र रात ऊ जान्दैन
बाधा र बन्धन ऊ मान्दैन
ऊ रोमियो, ऊ मजनु, अनि ऊ नै हो मदन
सान्निध्य नहुँदा प्रेम थपियो, अझै झन्-झन्
फदयमा असीम आनन्द, रहेन कुनै भ्रम
बैराग्य प्राप्ति- त्यो पनि बिना श्रम!
किनकी ऊ प्रेममा छ!
यत्रो विशाल ब्रह्माण्डमा
ऊ एक फगत कवि-
शब्दहरू उसका क्रमश: सकिँदैछन्
पाइलाहरू उसका विश्रामतिर लम्किदैछन्
भोलिको ऊ भन्न सक्दिन
भविष्य ऊ जान्न सक्दिन
तर आज-
ऊ संसारी मूर्ख, बेवकूफ अनि गँवार
प्रेमको लडखडाउँदो डुंगामा सहर्ष सवार
हावाको झोकाले जहाँ लान्छ त्यहाँ जान तयार
प्रेम उसको प्रयोजन, जे होस्- आर या पार
ऊ हाँस्दछ अनि ऊ रुँदछ घरीघरी
ऊ बल्दछ अन्धकारमा जुनकिरी सरि
किनकी ऊ प्रेममा छ!
किनकी ऊ प्रेममा छ!

# वर्तमान



माधव खनाल

वर्तमान
घुम्तीमा रुमलिँदै छ
घरदेशभन्दा परदेशमा छ
तातो बालुवामा छटपटाउँदै छ
घाम फुटपाथमा सुतिरहँदा
सत्यमा छारो हालिन्छ
न्याय मन्दिर
बेचिन्छन्
जोखिन्छन्
पैसाको कालो तराजुमा
सत्य
क्यारेम बोर्डको गोटीजस्तै
ठोकिन्छ
बजारिन्छ
पछारिन्छ
हामीहरू
आँखामा पट्टी बाँधेर
उज्यालो मार्ग
ठम्याउन नसकी
अर्काको हातको रिमोट
पैतालामा जोडी
भौतारिरहन्छौं
र अनिश्चित भविष्यमा होमिन्छौं
बुद्धको पाइलामा
रगतको थोपा पोखिन्छ
समय लाटो बन्छ
मूर्तिजस्तै
खेदो खनिन्छ
शिर छेदन गरिन्छ
अनि शक्तिको शालिक बन्छ
वर्तमान घुम्तीमा रुमालिन्छ
विष रोपेर अमृत खोज्नेहरू
आगो तापेर
चिसो हिँउदमा शिर छोपेर
पहाडका कान्ला गरामा बगेका पसिना
घरदेशबाट ओरालो लाग्छन्
करेसाबारी थारो बनाउँदै
तितेपातीको गन्ध-गन्धमा
सुगन्ध थाहा नपाएकाहरू
माटोमा सुनको खेती नदेखेकाहरू
पराइको भूमि टेकेपछि थाहा पाउछौं
पसिनाको मूल्य र
सैङघर्षको वर्तमान।

लघुकथा

# मुखिया



✍ मनोहर पोखरेल

'पटक-पटकको घातको बदला लिनैपर्छ, त्यस मुखियाबाट ।' इन्द्रनारायण कुर्लंदै थिएँ । चौरको दुई किनारामा मञ्च थियो । अर्कातिर बहालवाला मुखिया भन्दै थिएह 'अब गाउँबाट दरिद्र भाग्छ । हाम्रै पालामा गाउँ समृद्ध बन्छ ।'

बिचमा भेला पारिएका जनता घरी इन्द्रनारायणतिर फर्कन्थे घरी मुखियातिर । राजनीतिको फेरो समाएर नाफा-घाटाको जोड घटाउमा व्यस्त मुखियाको आचरणले भुइँमान्छे निराश थिए । गरिबीले गाँजेको गाउँका मुखियाको भने सान, मान र सौकत आकासिएको थियो । जनभावना बुझेर इन्द्रनारायणले पनि सक्तो समृद्धिको सपना बाँडें । रोग, भोक र कुपोषणको उपचार गरिने कुरा गरे । भ्रष्टाचार ढिलासुस्ती जस्ता बेथितिहरूको जरो उखेल्ने प्रतिबद्धता गरे । मुखियाको विरोधमा धुँवादार भाषण गर्दै भनेका थिए- 'प्रष्टरूपमा देखिएको यी विषालु ऐँजेरुहरूलाई ठेगान लाउने गतिलो बेला भनेकै यही हो ।'

भाषणले इन्द्रनारायणप्रति झिनो आशा पलायो जनताको । गरिबीको तापले राँकिएका गाउँलेहरूको तालु महँगी थपेर अरू तताउने काम मुखियाले नै गरेको ठहर गरे । इन्द्रनारायणलाई जिताउने निधो गरेर उनीहरू घर गए ।

'अधुरा काम पूरा गर्न अन्तिम पटक पहिलेझैं विश्वास गर्नुहोस ।' रातारात घरघर पुगी मुखिया यसो भन्दै थिए । 'यो त ढाडिएको भ्यातलुङ हो । अघाएको छ । अरू चुस्तैन । विकास मात्रै गर्छ ।' यसो भन्दै मुखियाका कार्यकर्ताले कानकानमा प्रचार गरे । भगवानको प्रसाद भन्दै खै, केके चीज पनि बाँडे ।

अन्तत: बिजय जुलुस निकाल्ने क्षण आयो । इन्द्रनारायणकै कार्यकर्ता अघिअघि थिए । यस पाला भने इन्द्रेको हातमा मुखियाकाल सरेछ भनेर गाउँलेले ठाने । अबिरमालाले पुरिएका नेता मञ्चमा उभिएर बोल्न थालेह 'रातारात कार्यकर्ता मेरो पार्टीमा प्रवेश गरेर चुनावको परिणाम मेरो हातमा पारिदिए । तसर्थ यो विजयोत्सव मेरो होइन जनताको हो । स्वर भिन्नै लागेर नियालेर हेर्दा त भाषण गर्ने उही बहालवाला मुखिया पो रहेछन् ।

# ‘उचाईं’ : भारतमा डुब्ने बाटोमा, नेपालमा अपत्यारिलो कमाई



काठमाडौं/ २०२२ बलिउडका लागि विर्सनलायक वर्ष बन्ने देखिएको छ । २०२३ सुरु हुन दुई महिना पनि बाँकी नहुँदा बलिउडले जम्मा ५ वटा फिल्म ‘ब्रम्हास्त्र’, ‘भूल भूलैयाँ २’, ‘गंगुवाई ‘काठियावाडी’, ‘द कश्मिर फाइल्स’, जुग जुग जियो’ हिट पायो । अन्य कयौन् आशातित फिल्मले लगानी समेत उठाउन सकेनन् । त्यसमा आमिर खानको ‘लाल सिंह चढ्ढा’देखि ऋतिक रोशनको ‘विक्रम वेदा’सम्म पर्छन् ।

२०२२ को अन्त्यतिर आइपुग्दा बलिउडलाई राजश्री प्रोडक्सनको फिल्म ‘उचाईं’प्रति ठूलो आशा र भरोसा थियो । अब्बल समीक्षा र बलियो ‘वर्ड अफ माउथ’ समेत पाएकाले फिल्मले बक्सअफिसमा सफलता पाउने आँकलन धेरैको थियो । तर, पहिलो विकेन्डपछि फिल्मको कलेक्सनमा गिरावट आउन रोकिएको छैन । फिल्मको ओरालो लाग्दो व्यापार देखेर बलिउडले हरेस खाइसकेको छ ।

पहिलो हप्तामा फिल्मले १७ करोड २ लाख कमाएको छ । शुक्रवारबाट बलिउडको ठूलो फिल्म ‘दृश्यम २’ प्रदर्शनमा आएकाले अब ‘उचाईं’ले कमाईमा उछाल ल्याउने सम्भावना नरहेको भारतीय मिडियाले बताएका छन् । ३५ करोडमा निर्माण भएको फिल्मले भारतबाट मश्किलले लगानीसम्म सुरक्षित गर्न सक्ने आँकलन गरिएको छ । तर, यो पनि फिल्मका लागि अत्यन्त कठिन देखिन्छ ।

भारतमा डुब्ने बाटोमा रहेको ‘उचाईं’ले नेपालमा भने अपत्यारिलो व्यापार गरिरहेको छ । नेपालमा ठूलो हिस्सा छायांकन भएको र नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै चर्चा हुन थालेपछि हलमा दर्शक ओइरिएका छन् । काठमाडौंका मल्टीप्लेक्सहरुमा हरेक दिन फिल्मले दर्शकको अभाव झेल्नु परेको छैन । दिउँसो र साँझका शोहरु हाउसफुल हुने गरेका छन् ।

नेपालको ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले दोस्रो हप्तामा पनि ‘उचाईं’लाई उल्लेख्य शो उपलब्ध गराएको छ र शुक्रवार विहानैदेखि दिउँसो र साँझका शोहरु सोल्डआउटको चरणमा थिए । यसले पनि फिल्मप्रति नेपाली दर्शकको आकर्षण बढेको देखाउँछ । सिंगल स्क्रिनमा भने फिल्मको उपस्थिति कमजोर छ । हुन त विदेशी फिल्म नेपालका सिंगल स्क्रिनमा खासै चल्दैनन् ।

सुनिल मानन्धरको समुहले भारु ७५ लाख (नेपाली १ करोड १९ लाख) मा फिल्मको नेपाल प्रदर्शन अधिकार लिएको हो । दोस्रो हप्ताबाट फिल्मले आफूहरुलाई नाफा दिनेमा वितरक मानन्धर विश्वस्त छन् । उनले भने, ‘प्रत्येक दिन मल्टीप्लेक्सहरुमा ७५ देखि ८० प्रतिशतसम्म अकुपेन्सी छ । ‘वर्ड अफ माउथ’ उस्तै शक्तिशाली छ । त्यसैले फिल्मले नेपालमा लामो यात्रा गर्ने देखिएको छ ।’

उनी ‘उचाईं’ले नेपालमा उचाईं हासिल गर्नुलाई नेपालमा छायांकन हुनु प्रमुख कारण मान्छन् । ‘नेपालमा छायांकन नभएको भए फिल्मको मूल्य भारु ५ लाख हो । नेपालमा छायांकन भएकै कारण हामीले मोटो रकम तिरेका हौं,’ वितरक मानन्धरले भने, ‘फिल्म आफैंमा राम्रो छ । हेरुन्जेल बाँध्छ । त्यसमाथि नेपालका दृश्यहरुलाई सुन्दर ढंगबाट देखाइएकाले पनि हलमा दर्शक बढेका छन् ।’

सुनिलले यसअघि बलिउड फिल्म ‘जोयश भाई जोडदार’ नेपाल ल्याएर जोडदार घाटा बेहोरेका थिए । ‘उचाईं’ले भने उनलाई ठूलो राहत दिने देखिएको छ । मानन्धर को हातमा यतिबेला दुई ठूला नेपाली फिल्म ‘डिसेम्बर फल्स’ र ‘छड्के २’ पनि छ । कुनै समय नेपाली फिल्म वितरणमा ठूलो रजगज गरेका उनी अब फेरि फिल्म वितरणमा आफ्नो उपस्थिति बलियो बनाउने प्रयासमा छन् ।

# ‘नम्बरी सुन’ मा नम्रताको इन्ट्री



काठमाडौं/राजु गिरीको निर्देशनमा बन्न लागेको फिल्म ‘नम्बरी सुन’मा अभिनेत्री नम्रता सापकोटाको प्रवेश भएको छ ।

शुक्रवार निर्देशक गिरी र निर्माता नारायण खातीले उनीसँग कागजी सम्झौता गरेका हुन् । फिल्ममा नम्रताको जोडी अभिनेता आमेश भण्डारीसँग बाँधिनेछ । उनीहरुले पहिलो पटक एकसाथ काम गर्न लागेका हुन् । नम्रताले स्क्रिप्ट र चरित्र राम्रो लागेपछि फिल्म साइन गरेको बताइन् ।

आमेश र नम्रतासँगै राजाराम पौडेल, सरोज खनाल, स्मृति वलीको पनि अभिनय रहने फिल्मका लागि अन्य केही कलाकार चाँडै छनोट गरिने निर्देशक गिरीले बताए । केही दिनमा फिल्मको शुभ मुहूर्त गरेर आगामी माघ २० गतेबाट छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ । हालै लेखक शिवम् अधिकारीले स्क्रिप्ट तयार गरेर निर्देशक गिरी र निर्माता खातीलाई हस्तान्तरण गरेका थिए ।

‘नम्बरी सुन’बाट राजेन्द्र खड्गीले लामो समयपछि द्वन्द्व निर्देशनमा कमब्याक गर्दैछन् । ७० वर्ष अगाडिको ऐतिहासिक सामाजिक कथामा निर्माण हुने बताइएको यस फिल्ममा निर्माता खातीकै कथा तथा गीत लेखन रहेको छ भने सन्तोष श्रेष्ठको संगीत, दिव्य सुवेदीको छायांकन र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ । लमजुङ, हेटौंडा र काठमाडौंमा फिल्मको छायांकन हुनेछ ।

# ‘पोन्नियिन सेल्वन १’लाई ५ सय करोड




एजेन्सी, मुम्बई/यस वर्षको सेप्टेम्बर अन्तिममा रिलिज भएको तमिल फिल्म ‘पोन्नियिन सेल्वन १’ले कमाईमा ठूलो रेकर्ड बनाएको छ । प्रदर्शनको ५० दिने यात्रामा रहेको फिल्मले विश्वभर बाट ५ सय करोड कमाएको छ ।

योसँगै यस वर्षका ‘केजीएफ २’ र ‘आरआरआर’पछि ५ सय करोडको कमाई गर्ने तेस्रो साउथ फिल्म बनको छ । फिल्मले भारतभर मात्रै ३ सय करोडभन्दा बढीको कमाई गरेको छ ।

‘गुरु’, ‘युवा’, ‘थालापाथी’, ‘रावनन’, ‘अन्जली’, ‘गीतान्जली’ जस्ता कयौं उत्कृष्ट फिल्म पस्किसकेका मणि रत्नम निर्देशित फिल्ममा बलिउड सुपरस्टार ऐश्वर्या राय बच्चन, साउथ सुपरस्टार विक्रम चियान, कार्ति, तृषा कृष्णन, ऐश्वर्या लेक्ष्मीलगायतको अभिनय छ । उत्कृष्ट भिएफएक्स, बलियो कथावस्तु, सटिक प्रस्तुतीकरण र दमदार अभिनयका कारण यो फिल्मलाई दर्शकले रुचाएका हुन् ।

यस वर्ष साउथका केही फिल्मले विश्वमै रेकर्डतोड व्यापार गरे, जसमा यश स्टारर फिल्म ‘केजीएफ २’ पहिलो नम्बरमा छ । यसले विश्वभरबाट १२ सय करोड कमायो ।

दोस्रो नम्बरमा एस एस राजामौली निर्देशित फिल्म ‘आर आरआर’ छ, जसले विश्वभरबाट १ हजार करोडको कमाई गऱ्यो । ५ सय करोडको कमाई गर्दै तेस्रो नम्बरमा ‘पोन्नियिन सेल्वन १’ले आफ्नो स्थान सुरक्षित गरेको छ ।

# पञ्चकन्याको शिक्षक पुडासैनीसँग आयोगले माग्यो स्पष्टीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ इन्द्रसरोवर गाउँपालिका, वडा नं.२ को पञ्चकन्या माध्यमिक विद्यालयका शिक्षक ऋषि पुडासैनीलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ ।

निर्वाचन आचारसंहिता विपरित पुडासैनीले राजनीतिक दलको सभा, सम्मेलन तथा जुलुश र प्रचार प्रसारमा सहभागी भएको भन्ने उजुरी परेको भन्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १०, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण अन्तर्गतको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने व्यवस्था छ ।

आचारसंहिताको दफाको खण्ड (ज) मा ‘सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवार को पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने’ व्यवस्था छ ।

उल्लेखित सन्दर्भमा तपाईंले राजनीतिक दलको निर्वाचन प्रचारप्रसार गर्नुभएको होइन भन्ने आधार प्रमाण के छ यदि तपाईंले दलको प्रचारप्रसार गर्ने कार्य गर्नुभएको हो भने तपाईलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा ९३० बमोजिम जरिबाना र ऐनको दफा ४४ बमोजिम विभागीय कारवाही गर्नु नपर्ने कारण के छ ? यो पत्र प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा प्रदेश निर्वाचन कार्यालय मकवानपुरमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न भनिएको छ ।

# नेपालले जित्यो यूएईविरुद्धको एकदिवसीय सिरिज



काठमाडौं/घरेलु टोली नेपालले पाहुना टोली यूएईविरुद्धको एकविदसीय अन्तर्राष्ट्रिय सिरिज जितेको छ । शुक्रबार भएको सिरिजको अन्तिम तथा निर्णायक खेलमा नेपालले यूएईलाई ६ विकेटले हराउँदै सिरिज २-१ ले जितेको हो ।

त्रिवि क्रिकेट मैदानमा यूएईले दिएको १७७ रनको लक्ष्य पछ्याएको नेपालले ४० ओभर १ बलम चार विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । नेपालले घरेलु भूमिमा पहिलो पटक दुई देशीय सिरिज जितेको हो ।

नेपालका लागि ज्ञानेन्द्र मल्ल र आसिफ शेखले अर्धशतकीय पारी खेले । ७३ बल खेलेका ज्ञानेन्द्रले ६४ रन बनाए । त्यस्तै ११९ बल खेलेका आसिफले ८८ रन बनाए । यूएईका लागि आयान खान र विलालले एक एक विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको यूएईले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै १७६ रन बनाएको थियो ।

३१ ओभर १ बलमा ९ विकेट गुमाएको अवस्थामा यूएईका लागि आयान खान र हर्जराथ बिलालले ८३ रनको साझेदारी गर्दै टिमको स्कोर १७६ पुगाए । यूएईका लागि आयन अल्फाज खानले रनको अर्धशतकीय पारी खेले । ६३ बल खेलेका उनले ७ चौका र १ छक्काको सहयोगमा ५४ रन बनाए ।

त्यस्तै अलिसान सरुपले ३३ रन बनाउँदा रोहन मुस्तफाले २४ रन तथा बिलालले २० रनको योगदान गरे । नेपालका लागि गलसन झाँ, दिपेन्द्र सिंह ऐरी र कुशल भुर्तेलले दुई-दुई विकेट लिए । त्यस्तै सोमपाल कामी र ललित राजवंशीले एक-एक विकेट लिए ।

# ‘डिसेम्बर फल्स’को ‘पावरफुल’ टिजर: आर्यनको एक्सन र रोमान्टिक अवतार



काठमाडा/पुष १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘डिसेम्बर फल्स’को टिजर सार्वजनिक भएको छ । बिहीवार यूट्युब रिलिज भएको १ मिनेट १५ सेकेन्डको टिजर ‘पावरफुल’ छ । लभ, एक्सन, सस्पेन्स र थ्रिलर पक्षको समिश्रण रहेको टिजरमा अभिनेता आर्यन सिग्देल बदला भावमा प्रस्तुत छन् । उनको एक्सनले साउथ शैलीको झल्को दिन्छ । उनलाई रोमान्टिक मूडमा पनि देख्न सकिन्छ ।

त्यस्तै, नर्सको भूमिकामा रहेकी अभिनेत्री उपासना सिंह ठकुरीको चरित्रले सस्पेन्स पैदा गर्छ । फिल्मको मूल कथा उनमै केन्द्रित रहेको टिजरबाट आँकलन गर्न सकिन्छ । एक्सन र लभस्टोरीका पारखीलाई ‘डिसेम्बर फल्स’ले आकर्षित गर्न सक्ने छनक टिजरले देखाएको छ । फर्स्टलुक पोस्टरले नै आशा जगाएको यो फिल्ममा आर्यन र उपासनाले पहिलो पटक एकसाथ काम गरेका हुन् ।

भारतीय मुलका प्रवीण झाको निर्देशन र महेश आर गुप्ताको छायांकन रहेको फिल्मलाई रामप्रसाद रिजालले निर्माण गरेका हुन् । रिजालले यसअघि ‘वान डे’, ‘कसम’,धुवाँ यो नशा’ र ‘कायरा’ निर्माण गरिसकेका छन् । ‘डिसेम्बर फल्स’ उनको पाँचौ फिल्म हो । यस फिल्ममा सुमन थापा, नरेश भट्टराई, सलोन बस्नेत, शिवहरि पौडेल, नागेन्द्र रिजाल, शिशिर राणालगायतको पनि अभिनय छ ।

रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको ‘डिसेम्बर फल्स’को कार्यकारी निर्माता लक्ष्मण रिजाल र असिम काफ्ले हुन् भने निर्मातामा रामप्रसाद रिजालसँगै राजकुमार भट्ट छन् । विपिका खनालको कथा, केदार भुषाल र प्रतिक पौडेलको पटकथा तथा संवाद, बनिष शाहको दृश्य सम्पादन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको फिल्मलाई श्रीराम बालाजी फिल्मस्ले वितरण गर्दैछ ।

# ‘हेरा फेरी ३’मा अक्षय नै हुनुपर्ने सुनील शेट्टीको अडान



एजेन्सी, मुम्बई/२० वर्ष अगाडिको हिट फिल्म ‘हेरा फेरी’को अब तेस्रो श्रृंखला निर्माण हुँदैछ । यसका अघिल्ला दुई श्रृंखलामा मुख्य भूमिकामा अभिनय गरेका अक्षय कुमारलाई तेस्रो सिरिजमा अभिनेता कार्तिक आर्यनले रिप्लेस गरेका छन् । निर्माताले महंगो पारिश्रमिकका कारण अक्षयलाई लिन नसकेको चर्चा छ भने अक्षयले स्क्रिप्ट चित्त नबुझेपछि काम गर्न स्वीकार गरेको स्पष्टिकरण दिएका छन् ।

‘हेरा फेरी’ सिरिजका मुख्य कलाकार सुनील शेट्टीले भने फिल्ममा अक्षय कुमारको विकल्प नभएको बताएका छन् । ‘हेरा फेरी ३’ मा दर्शकहरुले आफू, अक्षय कुमार र परेश रावललाई नै देख्न चाहेकाले अक्षयलाई रिप्लेस गर्न नहुने उनको स्पष्ट तर्क छ । उनले कार्तिकसँग निर्माण टिमले अर्को चरित्रका लागि कुरा गरेकाले अक्षय रिप्लेस भएको कुरामा सत्यता नहुन सक्ने उनको भनाई छ ।

उनले अक्षयको विना ‘हेरा फेरी ३’ नयाँ अनुभव हुने पनि बताएका छन् । सुनीलले भनेका छन्, ‘फिल्ममा उनको कमी सधैं हुनेछ । अब फाइनल कास्ट के हुन्छ, त्यो हेर्न बाँकी छ । अहिले मलाई फिल्मको बारेमा त्यति धेरै जानकारी छैन । म अलिपछि अक्षय र अन्य व्यक्तिसँग कुरा गर्नेछु ।’ शेट्टीले फिल्ममा अक्षयलाई यथावत् राख्न आफूले दुवै पक्षसँग सकेको पहल गर्ने पनि बताएका छन् ।

‘हेरा फेरी ३’का लागि अक्षयसँग कुरा नमिल्नुको कारण पारिश्रमिक र प्रोफिट शेयर भनिएको छ । अक्षयले फिल्ममा काम गर्न ९० करोड पारिश्रमिक र केही प्रतिशत प्रोफिट शेयर मागेको र त्यो निर्मातालाई स्वीकार्य नभएपछि उनको ठाउँमा कार्तिकको प्रवेश भएको भारतीय मिडियाले उल्लेख गरेका छन् । तर, अक्षयले फिल्ममा काम गर्न तयार नहुनुलाई स्क्रिप्टमा दोष देखाएका छन् ।

# नेपाल टी-ट्वान्टी लिग मंसिर २६ गतेबाट

काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल टी-ट्वान्टी लिगको खेल तालिकाका सार्वजनिक गरेको छ । क्यानले मंसिर २६ गतेदेखि प्रतियोगिता सुरु हुने बताएको छ । प्रतियोगिता अन्तर्गत पहिलो खेलमा काठमाडौं गोर्खाज र पोखरा एभेर्जसले प्रतिस्पर्धा गर्नेछन् ।

सोही दिन हुने दोस्रो खेलमा लुम्बिनी अल स्टार्स र फार वेस्ट युनाइटेडले प्रतिस्पर्धा गर्नेछ । त्रिवि क्रिकेट मैदानमा हुने प्रतियोगिताको फाइनल खेल पुस १६ गते हुनेछ । यसअघि कात्तिकमा हुने भनिएको प्रतियोगिता सुरक्षाका कारण सारिएको थियो । प्रतियोगितामा ६ टोलीहरूको सहभागिता रहनेछ । होम एण्ड अवेको आधारमा हुने प्रतियोगितामा विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, लुम्बिनी-भैरहवा र फार वेस्टर्न टिमको सहभागिता रहनेछ ।

# चर्चित नायिका दलजीत कौरको निधन

काठमाडौं/पञ्जाब फिल्म उद्योगकी दिग्गज अभिनेत्री दलजीत कौरको निधन भएको छ । ६९ वर्षको उमेरमा दलजीतको निधन भएको हो । थुप्रै हिट फिल्म दिने दलजीतको पञ्जाब सिनेमामा महत्वपूर्ण योगदान छ ।

उनको निधन बिहिबार १७ नोभेम्बरमा लुधियानामा उनको कजन भाइको घरमा भएको हो । नायिकाका कजन हरिन्दर सिंह खंगुराका अनुसार ६९ वर्षकी दलजीत पछिल्लो तीन वर्षदेखि ब्रेन ट्युमर सँग लडिरहेकी थिइन् । पछिल्लो एक वर्षदेखि दिलजीत डिप कोमामा थिइन् । नायिकाको शुक्रबार अन्तिम संस्कार गरिनेछ ।

दलजीतले ‘गडबड हे, पटोला, सइदा जोगन, सरपंच, सैदा जोगन, की बनू दुनिया दा, पुत जट्टां दे’ लगायतका चर्चित फिल्ममा काम गरेकी छिन् ।

दलजीतले दिल्लीको लेडी श्रीराम कलेजबाट ग्रेजुएशन गरेकी थिइन् । उनले आफ्नो फिल्मी करियर सन् १९७६ मा फिल्म दाजबाट सुरु गरेकी थिइन् । थुप्रै पञ्जाबी फिल्ममा दलजीतले फिमेल लिड रोल प्ले गरेकी थिइन् । दलजीतले आफ्ना श्रीमान् हरमिन्दर सिंह देओलको सडक दुर्घटनापछि फिल्मबाट ब्रेक लिएकी थिइन् । सन् २००१ मा दलजीत पुनः फिल्मी दुनियाँमा आएकी थिइन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

“तपाई, हामी सबैको कुरा”

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# १० वर्षपछि पुर्ण क्षमतामा सञ्चालन भयो हेटौंडा सिमेन्ट

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ आर्थिक अभावको समस्या झेल्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग करिव १० वर्षपछि पुर्ण क्षमतामा सञ्चालनमा आएको छ ।

आर्थिक समस्याको कारण ४ वर्षदेखी निरन्तर घाटामा गइरहेको हेटौंडा सिमेन्ट उद्योग करिव १० वर्षपछि पुर्ण क्षमतामा सञ्चालनमा आएको हो । यसअघि आर्थिक अभाव झेलिरहेको उद्योगको तीन महिनासम्म उत्पादन ठप्प थियो । तीन महिनापछि कात्तिक १५ गतेबाट मात्रै उद्योगले उत्पादन सुरु गरेको थियो ।

३ महिनासम्म उत्पादन ठप्प पारेको उद्योग करिव एक दशकपछि दैनिक सात सय ५० मेट्रिक टनको पुर्ण क्षमतामा सञ्चालनमा आएको उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले जानकारी दिए । करिव दुई सातादेखी उद्योगलाई पुर्ण क्षमतामा सञ्चालनमा ल्याएको पाण्डेले बताए । उनको अनुसार एक दशकभन्दा बढि समयदेखी उद्योग यसरी पुर्ण क्षमतामा सञ्चालन हुन सकेको थिएन ।

४० वर्ष पुराना मेसिनका कारण उत्पादन लागत महँगो पर्दा उद्योगले निजी क्षेत्रका उद्योगसँग बजार मूल्यमा प्रतिस्पर्धा गर्न नसक्दा उद्योग निरन्तर घाटामा रहदै आएको छ । उद्योगका महाप्रवन्धक पाण्डेले उद्योगको महाप्रवन्धको रुपमा आफू आएपछि उद्योगको ईन्टर नल टेक्निकल अडिट गरेपछि उद्योगको समस्या पत्ता लागेको बताए ।

अडिटपछि आएको रिपोर्टलाई कार्यान्वयन गर्दै जादा उद्योगलाई दशकपछि पुर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकेको उनले बताए । पाण्डेले आन्तरिक स्रोतबाट ३० प्रतिशत रकम तिरेर बाँकी उधारोमा मेसिन मर्मत गरेर तत्कालको लागि उद्योगलाई सञ्चालनमा



ल्याएको उनले बताए ।

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि सिमेन्ट बिक्री वितरण सुरु गरिने पाण्डेको भनाइ छ । हाल सिमेन्ट प्याकिङ गर्ने कार्यसमेत सुरु भइसकेको छ । कोइलाको अभावको कारण विगत तीन महिनादेखि बन्द रहेको उद्योग दुई हप्ता अघि सञ्चालनमा आएको हो । कोइला बिक्रेतासँग अनुरोध गरेर केही समयका लागि कोइलाको व्यवस्थापन गरी उद्योग सञ्चालनमा ल्याइएको उद्योग प्रशासनको भनाइ छ ।

भारत, भूटान र इण्डोनोसियालगायतका देशबाट कोइला आउन थालेपछि उत्पादन सुरु भएको हो । 'हाल उद्योगसँग करिव एक हप्तालाई मात्रै पुग्ने कोईला छ । हामिले कोईला बिक्रेताहरुले फेरि पठाउछु भन्नु भएको छ । फेरि कोईला आएर उद्योग निरन्तर पुर्ण क्षमतामा सञ्चालन हुन्छ भन्ने विश्वास छ', उनले भने । ४ वर्षदेखि लगातार घाटामा चलिरहेको उद्योग सञ्चालनका लागि कोइलाको अभाव भएपछि ३ महिनायता उत्पादन ठप्प भएको थियो । तर विभिन्न निकायबाट कोइला सहयोग पाएपछि कात्तिक १५ गते मंगलबार उद्योगले पुन: उत्पादन थालेको थियो ।

४० वर्ष पुराना मेसिनका कारण उत्पादन लागत महँगो पर्दा उद्योगले निजी क्षेत्रका उद्योगसँग बजार मूल्यमा प्रतिस्पर्धा गर्न सकेको छैन । करिब ९ सय रूपैयाँ लागतमा सिमेन्ट उत्पादन गर्ने गरेको उद्योगले ७ सय ३७ रूपैयाँ प्रति बोरा सिमेन्ट बिक्री गर्दै आएको छ । कच्चा पदार्थको अभाव र ढुंगा-धुलो पकाउने मेसिन (किल्न) बिग्रिएर सिमेन्ट उत्पादन रोकिने गरेको छ । उद्योग निरन्तर चल्ने र बन्द भइरहने अवस्थाबाट गुज्रिएको उद्योगका महाप्रबन्धक पाण्डे बताउँछन् । उनका अनुसार सिमेन्ट उत्पादन गर्ने मेसिन धेरै पुरानो र जीर्ण भइसकेको छ ।

मेसिन पटक-पटक बिग्रिने र पूर्ण क्षमतामा उत्पादन गर्न नसक्ने अवस्थामा रहेकोले तत्काल उद्योग पुर्ण रुपमा सञ्चालनमा आएको भएपनि उद्योगमा नयाँ मेसिन नल्याएसम्म समस्या नहट्ने महाप्रबन्धक पाण्डेको भनाई छ । तर उद्योगमा पुरानो भएर बिग्रिएका मेसिन मर्मत गर्न र नयाँ प्रविधि भित्र्याउन आवश्यक रकम उद्योगसँग छैन ।

कुनै समय नेपाली सिमेन्ट क्षेत्रमा एकछत्र राज गरेको उद्योग ४ वर्षयता अस्तित्व जोगाउनकै लागि सञ्चालन हुनसमेत संघर्षरत रहेको छ ।

उद्योगले ४ वर्षमा करिब ८० करोड रूपैयाँ घाटा बेहोरेको छ ।

उत्पादनमा गिरावट र उत्पादित सिमेन्ट पनि बिक्री नहुने समस्याले उद्योग निरन्तर घाटामा छ । गत आव ०७८/७९ मा मात्रै उद्योगले करिब साढे २३ करोड रूपैयाँ बराबर घाटा बेहोरेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । गत आवमा १ अर्ब २२ करोड आम्दानी गरेको उद्योगले १ अर्ब ३९ करोड खर्च गरेको छ। उद्योगले आव ०७४/७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो। त्यसयता उद्योग निरन्तर घाटामा छ । आव ०७५/७६ मा उद्योगले १ करोड ५ लाख, आव ०७६/७७ मा २३करोड ८२ लाख, आव ०७७/७८ मा थप १७ करोड ४ लाख नोक्सान बेहोरेको उद्योगले जनाएको छ ।

उनले निजी उद्योगहरूले सिमेन्टको मूल्य घटाएपछि हेटौंडा सिमेन्ट बिक्री हुन नसकेको बताए । बजारसँग प्रतिस्पर्धा गर्न उद्योगले हाल प्रतिबोरा सिमेन्ट ७३७ रूपैयाँमा बिक्री गरिरहेको छ । तर उद्योगले एक बोरा सिमेन्ट उत्पादन गर्न करिब ९ सय रूपैयाँ लाग्ने पाण्डेले जानकारी दिए ।

उद्योग धराशायी बन्दै गएपछि जग्गा बेचेर उद्योगमा नयाँ प्लान्ट जडान गर्ने योजना बनेको थियो। निरन्तरको घाटा रोक्न उद्योगले नयाँ प्लान्ट जडान गर्न आफ्नो स्वामित्वमा रहेको जग्गा बेच्ने योजना बनाएको थियो तर हाल उक्त योजना स्थगित भइसकेको छ ।

घाटामा चलिरहेको उद्योगले हेटौंडा-९ स्थित आफ्नो जग्गा नेपाल बैंकलाई बेच्ने तयारी गरेको थियो। नेपाल बैंकलाई जग्गा बेचेर पुराना भएका मेसिन मर्मत गर्ने तथा नयाँ मेसिन ल्याएर उद्योगलाई पुरानो लयमा फर्काउने योजना थियो। तर उद्योग मन्त्रालयले जग्गा बिक्री गर्न रोक लगाएपछि हेटौंडा सिमेन्टले उक्त योजना तत्कालका लागि स्थगित गरेको छ ।

महाप्रबन्धक पाण्डेका अनुसार २ वर्षअघि नै सञ्चालक समितिले निर्णय गरेर उद्योग तथा आपूर्ति मन्त्रालयमा जग्गा बिक्रीको सम्बन्धमा पत्राचार गरेको थियो। सिफारिश मन्त्रालयमै थन्किएको अवस्थामा महाप्रबन्धक भएर आएका पाण्डेले जग्गा बिक्रीबाट उद्योगमा नयाँ प्लान्ट जडान गर्ने योजनालाई टुंगोमा पुऱ्याउन खोजेका थिए । तर उद्योगको योजना हाललाई पूरा हुन सकेन।

नयाँ मेसिन जडान गर्न उद्योगको केही खाली जग्गा सरकारी कार्यालयहरूलाई बेच्न सकिनेबारे मन्त्रिपरिषद्लाई जानकारी गराएको पाण्डेले यसअघि नै बताएका थिए । उसो त उद्योगले आफ्नो दशकौं पुरानो रोप-वे बेचेर पनि घाटा पूर्ति गर्न नखोजेको होइन तर यसअघि पनि पटक-पटक रोप-वे बेच्ने तयारी गरे तापनि लिलाम हुन सकेको थिएन ।

महाप्रबन्धक पाण्डेका अनुसार अहिले रोप-वे को इस्टमेट तयार पार्न समिति गठन भएको छ । उक्त समितिले लागत इस्टमेट तयार पारेपछि लिलामको लागि प्रक्रिया अगाडि बढ्नेछ । हेटौंडा सिमेन्टलाई देशभरिका उद्योगले उत्पादन गर्ने सिमेन्टमध्ये सर्वाधिक गुणस्तरीय र विश्वासिलो मानिन्छ ।

# धमाधम बनाइँदै मतदान केन्द्र, १३ ठाउँमा मतपत्र पुग्न बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ मकवानपुरको ४ मंसिर आइतबार हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि तयारी अन्तिम चरणमा पुगेको छ ।

जिल्लाका १० वटै पालिकामा भटाभट मतदान केन्द्रहरु निर्माण भइरहेको छ । बुधवार सबै मतदान केन्द्रमा सुरक्षाकर्मी र कर्मचारीहरु पुगेसँगै छेकबार लगाउने, मतपेटिका राख्नेलगायतका कामहरु धमाधम भइरहेको हो । प्रदेश निर्वाचन कार्यालयबाट मतदान केन्द्रमा जिम्मेवारी पाएर खटिएका सबै कर्मचारीहरुले निर्वाचनका लागि आवश्यक सामग्री लिइसकेको जनाइएको छ । कर्मचारीहरुले निर्वाचन कार्यालयबाट निर्वाचन सामग्री बुझेर लगेपनि १३ वटा मतदान केन्द्रमा मतपत्र भने पुगिनसकेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । हालसम्म मतपत्र पुग्न बाँकी मतदान केन्द्र हेटौंडा उपमहानगरपालिकाको १३ वटा र मकवानपुर तथा भीमफेदी गाउँपालिकाको रहेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरबाट नियुक्त पत्र लिई खटिएका कर्मचारीहरुले जिल्लाका ३ सय ६६ वटै मतदान केन्द्रका लागि आवश्यक निर्वाचन सामग्री बुझेको कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले जानकारी दिए । जिल्लाका १० वटै स्थानीय तहमा गरेर स्थायी प्रकृतिका ३ सय ६४ र दुई वटा अस्थायी गरी ३ सय ६६ वटा मतदान केन्द्र रहेका छन् । जसमध्ये बिहीवारसम्म ३ सय ४४ वटा मतदान केन्द्रका लागि निर्वाचन



सामग्री पठाइएको थियो । प्रमुख पोखरेलका अनुसार थप २२ वटा मतदान केन्द्रका कर्मचारीले शुक्रबार निर्वाचन सामग्री बुझेका हुन् ।

निर्वाचन सामग्री ८१ प्रकारका रहेको उनले बताए । जसमा मतपेटिका, मतपत्रलगायतका निर्वाचन सामग्री रहेका छन् । निर्वाचन आयोगको निर्देशनअनुसार १ मंसिरभित्रै निर्वाचन सामग्री मतदान केन्द्रहरुमा पुऱ्याइसक्नु पर्ने थियो । पोखरेलले पनि १ मंसिर भित्रै निर्वाचन सामग्री लगिसक्नु पर्नेमा २२ वटा मतदान केन्द्रमा खटिएका कर्मचारीहरुले शुक्रबार सामग्री बुझ्न आएको बताए । उनले शुक्रबारसम्म सबै निर्वाचन क्षेत्रमा निर्वाचन सामग्री पुग्ने दाबी गरेपनि प्रहरीका अनुसार १३ वटा मतदान केन्द्रमा मतपत्र भने नपुगेको हो । मतदान केन्द्रमा खटिएका कर्मचारीहरुले निर्वाचन कार्यालयमा रुजु गराएर मात्रै निर्वाचन सामग्री बुझ्न पाउँछन् । विगत ३-४ दिनदेखि प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन सामग्री बुझ्ने कर्मचारीहरुको भिड नै लागेको थियो ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरमा ९० प्रतिशत काम सकिएको पोखरेलले जानकारी दिए । बुधवारभित्र कर्मचारीहरु खटिएको मतदान केन्द्रमा पुगेर सुचना टाँस गर्नुपर्ने भएकाले पनि मतदानका दिनलाई चाहिने आवश्यक सामग्री लिएर जाने कर्मचारीहरुको भिड लागेको हो । १ मंसिरसम्म जिल्लाका १० वटै स्थानीय तहका मतदान केन्द्रहरुमा निर्वाचन सामग्री लिएर गएर मतदानको सवै प्रक्रिया मतदान अधिकृत, सहायक अधिकृत र सहायक स्तरका कर्मचारीहरुले पुऱ्याउनु पर्छ ।

जिल्लामा शिक्षकसहित ३ हजार बढी कर्मचारी निर्वाचनका लागि खटिएका छन् । हेटौंडामा रहेका बागमती प्रदेशका विभिन्न मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसमेत गरेर २ हजार ६ सय जना कर्मचारी र अन्य सहायक स्तरका स्थायी शिक्षकहरु निर्वाचनमा खटिने भएका हुन् । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा उपसचिव स्तरका मतदान अधिकृत रहेका छन् । जिल्लाका अन्य स्थानीय तहमा रहेको मतदान केन्द्रहरुमा अधिकृत तहका मतदान अधिकृत खटाइएको छ । जिल्लामा करिब ३ हजारको संख्यामा म्यादी, नेपाल प्रहरी, सशस्त्र र नेपाली सेना खटिएका छन् ।

# लटरम्मेश्वरमा बेपत्ता भएका मोक्तान मृत फेला

हेटौंडा, २ मंसिर/ मकवानपुरमा पछिल्लो समय निकै चर्चित बनेको पर्यटकीय गन्तव्य लटरम्मेश्वरको डाँडामा फेसुबकबाट लाइभ गरेपछि बेपत्ता भएका एक युवक मृत फेला परेका छन् ।

सामाजिक सञ्जालमा भाइरल भएपछि लटरम्मेश्वरमा जानेहरुको भीड नै लागेको थियो । लटरम्मेश्वर घुम्न पुगेका हेटौंडा उपमहानगरपालिका-८ कमानेका ३५ वर्षका कृष्ण मोक्तान ३ दिनदेखि वेपत्ता भएका थिए । बेपत्ता भएका मोक्तान शुक्रबार लटरम्मेश्वर क्षेत्रमै मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले मोक्तानको शव फेला परेको र अनुसन्धानका लागि प्रहरी टोली खटिएको जानकारी दिए । मोक्तान ३० कार्तिकदेखि लटरम्मेश्वर क्षेत्रबाट फेसबुक लाइभ गरेपछि हराएका थिए ।

उनको शव भिमफेदी गाउँपालिका वडा नम्बर ८ को इपामा पर्ने लटरम्मेश्वर महादेव जाने भिरमा फेला परेका घटनास्थल पुगेका कमानेका ओम फुयालले जानकारी दिए । अहिले घटना स्थलमा प्रहरी टोली पुगेको र अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यानय मकवानपुरले जनाएको छ ।

# विश्वकप क्रिकेट प्रतियोगिताको बन्द प्रशिक्षण हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ दृष्टिविहिनहरुको विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय टिम बन्द प्रशिक्षण हेटौंडामा सुरु भएको छ ।

आगामी डिसेम्बर ६ देखि १७ सम्म भारतमा हुने टि-२० विश्वकपमा नेपाल र भारतसहित पाकिस्तान, अष्ट्रेलिया, दक्षिण अफ्रिका, बंगलादेश र श्रीलंका सहभागी छ । सोही नेपाली राष्ट्रिय टिम बन्द प्रशिक्षणका लागि नेपाली राष्ट्रिय टिमले शुक्रबार बिहानदेखि हेटौंडाको हुप्रचौरमा बन्द प्रशिक्षण सुरु गरेको हो । १५ सदस्यीय टिमले



दुईसाता हेटौंडामा प्रशिक्षण गर्ने प्रशिक्षक नहेन्द्र निरौलाले जानकारी दिए । नेपाली टिमको कप्तानी पाल्पाका खिमानन्द गैरेले गर्नेछन् । १५ सदस्यीय टिममा ललितपुरका सागर लामा, जुम्लाका भरत चौलागाई, कन्चनपुरका हिम खत्री, बर्दियाका राधेश्याम चौधरी, पाल्पाका तमबहादुर फाल पूर्ण दृष्टिविहिन खेलाडी (बी-१) को रुपमा सहभागी छन् । कप्तान गैरेसहित कास्कीका सुनिल राना, प्रेम क्षेत्री युवराज भण्डारी र काभ्रेका सन्त पहरी (बी-२) बल देख्न सक्ने खेलाडीको रुपमा सहभागी छन् भने बर्दियाका नरेश चौधरी, रुपन्देहीका शंकर रेग्मी, नुवाकोटका सुरेन्द्र तामा, रुपन्देहीका खेमराज सापकोटा र चितवनका सागर चेपाङ (बी-३) कमजोर दृष्टि भएको खेलाडीको रुपमा सहभागी छन् । दृष्टिविहिन क्रिकेट टिममा ४ जना बी-१, ३ जना बी-२ र ४ जना बी-३ समूहका खेलाडी सहभागी गर्न पाउने व्यवस्था रहेको प्रशिक्षक निरौलाले जानकारी दिए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



नारायणी यातायात व्यवसायी संघको

**३५औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संघको ३५औं बार्षिक साधारण सभा तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले सदस्य महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु :**

१. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को बार्षिक प्रतिवेदन
२. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को आय व्यय
३. लेखा परीक्षकको नियुक्ति
४. विविध

**कार्यक्रम:**
**मिति:** २०७९/०८/१७ गते, शनिवार
**समय:** विहान ९:०० बजे
**स्थान:** हेटौंडा पार्टी प्यालेस (क्लब हेटौंडा), हेटौंडा-४, मकवानपुर

सरोजकुमार खनाल (महासचिव)

**नारायणी यातायात व्यवसायी संघ**








**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना